# प्राइम कमर्सियल बैंक लि.

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

१. **निकायको स्वरुप र प्रकृती**

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट बैंकिङ कारोबार संचालन गर्न “क” वर्गको ईजाजत प्राप्त बैंक ।

२. **निकायको कामकर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिम काम कर्तव्य र अधिकार ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
हाल (चैत्र मसान्त २०७४) कार्मचारी संख्या ६४० रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मर्फत भई रहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाइट www.primebank.com.np बाट जानकारी लिन सकिन्छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम “क” वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैंकको वेबसाईट www.primebank.com.np बाट जानकारी लिन सकिन्छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरु यस बैंकको वेबसाइट www.primebank.com.np मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :**
बैंकिङ कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
बैकको कारोबार तथा यसले प्रदान गरेको सेवा सम्बन्धमा ग्राहकहरुको कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि हाल गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना यस प्रकार छ ।

सँगिता महर्जन
कम्प्लायन्स शाखा
प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं ।
फोन नं ०१-४४२३४३२/४४२३४३३/४४२३४३६, इमेल : sangita.maharjan@pcbl.com.np

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम “क” वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैकिङ कारोबारहरु सम्पादन भइरहेको छ ।

**१०. प्रमुख सूचना अधिकारीको नाम र पद :**

श्री भाइराजा तुलाधर
प्रमुख सूचना अधिकृत
पद : नायव महाप्रबन्धक

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३
२. नेपाल राष्ट्र बैंक ऐन २०५८
३. बैंक तथावित्तीय संस्थाको ऋण असुली ऐन २०५८
४. कम्पनी ऐन २०६३
५. बैंकिङ कसुर तथा सजाय ऐन २०६४
६. सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४
७. धितोपत्र सम्बन्धी ऐन २०६३
८. सुरक्षितकारोबार ऐन २०६३
९. करार ऐन २०५६
१०. विनिमयअधिकारपत्र ऐन २०३४
११. विदेशीविनिमय (नियमितगर्ने) ऐन २०१९ आदि ।
१२. उपयुक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियमतथाविनियमहरु ।
१३. नेपाल राष्ट्र बैंकको सम्पूर्णक निर्देशिका, परिपत्रहरु ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै यस्तो विवरण बैंकको वेवसाईट www.primebank.com.np मा समेत उपलब्ध छ ।

**१३. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
नाम : नारायण दास मानन्धर
ठेगाना : प्राइम कमर्सियल बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय कमलपोखरी, काठमाडौं ।
फोन नं ०१-४४२३४३२/४४२३४३३/४४२३४३६, फ्याक्स नं : ०१-४४२५९५५, इमेल : info@pcbl.com.np

**१४. साथै सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**
यस बैंकले बैंकिङ कारोबार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :**
www.primebank.com.np

**ग. सार्वजनिक निकायका सूचनाहरु प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाईटमा समेत प्रकाशन गरिएको छ साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेवसाईटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

मिति : २०७५/०१/३०